# नेपाली
# शिक्षक सेट (ख)

## परीक्षणका साधन र शिक्षकका लागि मार्गदर्शन

यस खण्डमा सबै कक्षाका भाषिक विषयक्षेत्रको विस्तृतीकरणका आधारमा प्रश्न विकास गरिएको छ। प्रश्नपत्रका आधारमा शिक्षकका लागि मार्गदर्शन पनि विकास गरिएको छ। यही ढाँचामा रही परीक्षकले परीक्षणका लागि समानान्तर प्रश्न निर्माण र मूल्याङ्कन गर्नुपर्ने छ। कक्षागत परीक्षण सञ्चालनका लागि निर्देशन, सम्भावित उत्तर, समानान्तर प्रश्न निर्माणसम्बन्धी निर्देशन प्रश्नसँगै दिइएको छ।

***शिक्षकका लागि निर्देशन***

*१. परीक्षण कार्य सुरू गर्नु पहिले हरेक कार्यका लागि निर्धारित परीक्षणका साधन राम्ररी अध्ययन गरी तयारी गर्नुहोस् ।*

*२. बालबालिकासँग नम्र भई मायालु व्यवहार देखाउनुहोस् ।*

*३. सबै बालबालिकाले स्पष्टसँग बुझ्ने गरी निर्देशन दिनुहोस् ।*

*४. प्रत्येक प्रश्नको परीक्षण कार्य क्रमशः सञ्चालन गर्दै जानुहोस् ।*

*५. परीक्षण कार्य सञ्चालन गर्दा बालबालिका निदिष्ट पृष्ठ र प्रश्नमा छन् छैनन् भन्ने कुराको यकिन गर्नुहोस् ।*

*६. वर्ण, शब्द र वाक्य उच्चारण गर्दा बालबालिकालाई आफूतिर हेर्न भन्नुहोस् । यसो गर्दा उच्चारित कुरा सुन्न र बुझ्न सजिलो हुन्छ ।*

# शिक्षक सेट (ख)

## कक्षा ३, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले भनेका शब्द सुनेर शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | | | |
|---|---|---|---|
| र | ह | ल | प |

(ख)

| | | | |
|---|---|---|---|
| ना | न | च | गा |

(ग)

| | | | |
|---|---|---|---|
| ल | षि | म | कृ |

(घ)

| | | | |
|---|---|---|---|
| री | स | बाँ | घा |

*दिइएका शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् :*

***शिक्षकले सुनाउनुपर्ने शब्द :***

***(क) हरपल (ख) नाचगान (ग) कृषिमल (घ) बाँसघारी***

**२. शिक्षकले उच्चारण गरेका शब्दमा ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | | | |
|---|---|---|---|
| थल | बल | जल | फल |

(ख)

| | | | |
|---|---|---|---|
| जित | हित | मित | गीत |

(ग)

| | | | |
|---|---|---|---|
| अन्य | सभ्य | रम्य | भव्य |

(घ)

| | | | |
|---|---|---|---|
| गृह | मृग | धर्म | खर्क |

*दिइएका शब्द समूहमध्ये शिक्षकले उच्चारण गरेको शब्द ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् :*

***सुनाउनुपर्ने शब्द***

***(क) फल (ख) मित (ग) सभ्य (घ) गृह***

**३. शिक्षकले उच्चारण गरेका वाक्य पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| भाइले चङ्गा उडाए । | |
| बहिनीले चङ्गा उडाइन् । | |
| साथीले चङ्गा उडाए । | |
| भान्जाले चङ्गा उडाए । | |

(ख)

| | |
|---|---|
| मैले भात खाएँ । | |
| मैले रोटी खाएँ । | |
| मैले खिर खाएँ । | |
| मैले अचार खाएँ । | |

(ग)

| | |
|---|---|
| घरमा फुपू आउनुभयो । | |
| घरमा फुपाजु आउनुभयो । | |
| घरमा मामा आउनुभयो । | |
| घरमा माइजू आउनुभयो । | |

(घ)

| | |
|---|---|
| हामीले धान काट्यौँ । | |
| हामीले धान बोक्यौँ । | |
| हामीले धान सुकायौँ । | |
| हामीले धान कुट्यौँ । | |

*दिइएका वाक्य समूहमध्ये शिक्षकले उच्चारण गरेका वाक्य ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित वाक्य पहिचान गरी उपयुक्त शब्दमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।* ***शिक्षकले उच्चारण गर्नुपर्ने वाक्य :***

***(क) साथीले चङ्गा उडाए । (ख) मैले भात खाएँ । (ग) घरमा माइजू आउनुभयो । (घ) हामीले धान सुकायौँ ।***

**४. दिइएका शब्दबाट उस्तै अर्थ दिने शब्द पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् :** (२)

(क) **रेखा** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| अर्को | सुर्को | धर्को | बर्को |

(ख) **बाला** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| चुरा | पूरा | कुरा | छुरा |

(ग) **मौका** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| निरन्तर | अवसर | पहिले | अहिले |

(घ) **विदेश** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| स्वदेश | आदेश | उपदेश | परदेश |

*दिइएका शब्दको उपयुक्त अर्थ कोष्ठकमा दिइएका शब्दसमूहबाट पहिचान गरी उपयुक्त अर्थमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रतिप्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर***

***(क) धर्को (ख) चुरा (ग) अवसर (घ) परदेश***

**५. दिइएको अनुच्छेदलाई जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

अब्दुल खेतबारीमा प्रशस्त अन्न, तरकारी र फलफूल फलाउँछन् । उनी तरकारी र फलफूल बेच्छन् । उनले बेचेर आएको पैसा बैङ्कमा बचत गर्छन् ।

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले १७ देखि २० शब्द हुबहु लेखेमा ४ अङ्क, १४ देखि १६ शब्द हुबहु लेखेमा ३ अङ्क, ११ देखि १३ शब्द हुबहु लेखेमा २ र १० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**६. शिक्षकले भनेका शब्द सुनेर लेख्नुहोस् :** (४)

- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका शब्द सुनेर उक्त शब्द लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *विद्यार्थीले सबै शब्द सुनेर शुद्ध लेखेमा प्रतिशब्द १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*
- ***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***
  ***मन, छिटो, स्याल, बत्ती***

**७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (३)

नवीन आमासँग जात्रामा गए । जात्रामा धेरै मानिस जम्मा भएका थिए । त्यहाँ थरीथरीका खानेकुरा बेच्न राखिएका थिए । नवीनले इमली रोजे । इमली अमिलो थियो । उनलाई त्यो मन परेन । उनलाई आमाले नरिवल किनिदिनुभयो । उनले नरिवल खाए । उनले आमासँगै पिङ पनि खेले । त्यहाँ उनले निकै खेलौना देखे । उनलाई जात्रा रमाइलो लाग्यो ।

**(क) दिइएका प्रश्नको सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :**

(अ) नवीन आमासँग कहाँ गए ?

| | | | |
|---|---|---|---|
| बजार | सहर | जात्रा | विद्यालय |

(आ) नवीनले जात्रामा के खाए ?

| | | | |
|---|---|---|---|
| अमला | नरिवल | ओखर | अम्बा |

(ख) नवीनलाई इमली किन मन परेन ?

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *विद्यार्थीले आफैँ पढेर उत्तर लेख्नुपर्ने भएकाले शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*
- *प्रश्न (क) मा ठिक चिह्न लगाउनुपर्ने छ र प्रश्न (ख) लेख्नुपर्ने छ भनी जानकारी गराउनुहोस् ।*

***सही उत्तर :***

***(क)*** *(अ) जात्रा (आ) नरिवल*

*(ख) इमली अमिलो भएकाले नवीनलाई मन परेन ।*

८. **दिइएको चित्र हेरी चित्रका बारेमा पाँचओटा वाक्य लेख्नुहोस् :** (५)



*विद्यार्थीलाई दिइएको चित्र अध्ययन गर्न लगाउनुहोस् र चित्रका आधारमा ५ ओटा वाक्यमा वर्णन गर्न लगाई भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्यासससमेत हेरी फरक फरक वाक्यमा उपयुक्त वर्णन गरिएका प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

समाप्त

# शिक्षक सेट (ख)

## कक्षा ४, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले भनेका शब्द सुनेर शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | | | |
|---|---|---|---|
| ल | च | प | ह |

(ख)

| | | | |
|---|---|---|---|
| जा | आ | पू | हा |

(ग)

| | | | |
|---|---|---|---|
| षि | कृ | र्म | क |

(घ)

| | | | |
|---|---|---|---|
| घाँ | पा | स | त |

*दिइएका शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी कोष्ठकमा मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले प्रश्नको उत्तर मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् :*

***शिक्षकले सुनाउनुपर्ने शब्द :***

***(क) हलचल (ख) पूजाआजा (ग) कृषिकर्म (घ) घाँसपात***

**२. शिक्षकले उच्चारण गरेका शब्दमा ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

**(क)**

| | | | |
|---|---|---|---|
| कहर | जहर | रहर | सहर |

(ख)

| | | | |
|---|---|---|---|
| हिमाल | मिठाई | मलाई | मिलन |

(ग)

| | | | |
|---|---|---|---|
| प्रतीक्षा | प्रवेश | प्रदेश | प्रतिज्ञा |

(घ)

| | | | |
|---|---|---|---|
| झनक्क | टनक्क | तनक्क | रनक्क |

*दिइएका शब्द समूहमध्ये शिक्षकले उच्चारण गरेको शब्द ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले सुनाउनुपर्ने शब्द :***

***(क) सहर (ख) मिठाई (ग) प्रतीक्षा (घ) तनक्क***

**३. शिक्षकले उच्चारण गरेका वाक्य पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| भाइले पेडा खायो । | |
| भाइ पिँडालु खाने छ । | |
| भाइ पेडा खाने छ । | |
| भाइ पापड खान्छ । | |

(ख)

| | |
|---|---|
| सबैलाई माया गर । | |
| सबैलाई सम्मान गर । | |

| | |
|---|---|
| सबैलाई आदर गर । | |
| सबैलाई प्रेम गर । | |

(ग)

| | |
|---|---|
| देशमा राम्रा हिमाल छन् । | |
| मलाई हिमाल मन पर्छ । | |
| हिमाल मनमोहक छन् । | |
| सगरमाथा अग्लो हिमाल हो । | |

(घ)

| | |
|---|---|
| उसले बाल्टी पखाल्यो । | |
| तिमी बाल्टी पखाल । | |
| तपाइँ बाल्टी पखाल्नुहोस् । | |
| ऊ बाल्टी पखाल्छ । | |

*दिइएका वाक्य समूहमध्ये शिक्षकले उच्चारण गरेका तलका वाक्य ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) भाइ पेडा खाने छ ।***

***(ख) सबैलाई सम्मान गर ।***

***(ग) देशमा राम्रा हिमाल छन् ।***

***(घ) ऊ बाल्टी पखाल्छ ।***

**४. दिइएका शब्दबाट उस्तै अर्थ दिने शब्द पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् :** (२)

(क) **जङ्गल** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| गुफा | ओडार | रुख | वन |

(ख) **पत्र** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| जवाफ | निचोड | चिठी | उत्तर |

(ग) **समय** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| ढिलो | बेला | अबेला | छिटो |

(घ) **जिउ** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| शरीर | मन | टाउको | अनुहार |

*दिइएका शब्दको उपयुक्त अर्थ कोष्ठकमा दिइएका शब्दसमूहबाट पहिचान गरी उपयुक्त अर्थमा (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रतिप्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

***(क) वन (ख) चिठी (ग) बेला (घ) शरीर***

**५. दिइएका अनुच्छेदलाई जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

कमला र विमला मिल्ने साथी हुन् । उनीहरूका रुचि फरक छन् । कमलालाई केरा खान मन पर्छ । विमलालाई आँप खान मन पर्छ । कमलालाई गीत गाउन मन पर्छ । विमलालाई कथा भन्न मन पर्छ ।

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले २६ देखि ३० शब्द हुबहु लेखेमा ४ अङ्क, २१ देखि २५ शब्द हुबहु लेखेमा ३ अङ्क, १६ देखि २० शब्द हुबहु लेखेमा २ र १५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**६. शिक्षकले भनेका शब्द सुनेर लेख्नुहोस् :** (४)

- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका शब्द सुनेर उक्त शब्द लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *विद्यार्थीले सबै शब्द सुनेर शुद्ध लेखेमा प्रतिशब्द १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*
- ***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***

| | | | |
|---|---|---|---|
| *गएर* | *बाहेक* | *ढलक्क* | *डकर्मी* |

**७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (३)**

विजयको घरनजिकै विद्यालय छ । विजय चार कक्षामा पढ्छन् । उनी सबै काम ठिक समयमा गर्छन् । उनलाई आफ्नो काम गर्न अरूले सिकाउनु पर्दैन । विजय बिहानै उठेर हातमुख धुन्छन् । कुर्सीमा बसेर पढ्छन् । उनी पढिसकेर किताब झोलामा राख्छन् । उनी हाँसेर बोल्छन् । उनी नाचेर रमाइलो गर्छन् । हकारेर बोलेको उनी मन पराउँदैनन् । उनी सबैसँग मिठो बोल्छन् ।

**(क) दिइएका प्रश्नको सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :**

**(अ) विजयको घरनजिकै के छ ?**

| | | | |
|---|---|---|---|
| बसपार्क | बजार | विद्यालय | बगैँचा |

**(आ) विजय कहाँ बसेर पढ्ने गर्छन् ?**

| | | | |
|---|---|---|---|
| सोफामा | कुर्सीमा | चकटीमा | गलैँचामा |

**(ख) विजयले गर्ने कुनै दुईओटा काम के के हुन् ?**

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् । माथिका प्रश्नको उत्तर देहायबमोजिम हुने छ ।*
- *प्रश्न (क) मा ठिक चिह्न लगाउनुपर्ने छ र प्रश्न (ख) लेख्नुपर्ने छ भनी जानकारी गराउनुहोस् ।*

***सही उत्तर :***

***(क) विद्यालय*** ***(ख) कुर्सी***

***(ग) अनुच्छेदबाट कुनै दुईओटा काम लेखेमा अङ्क दिने ।***

८. **दिइएको चित्र हेरी चित्रका बारेमा पाँचओटा वाक्य लेख्नुहोस् :** (५)



*विद्यार्थीलाई दिइएको चित्र अध्ययन गर्न लगाउनुहोस् र चित्रका आधारमा ५ ओटा वाक्यमा वर्णन गर्न लगाई भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत हेरी फरक फरक वाक्यमा उपयुक्त वर्णन गरिएका प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

समाप्त

# शिक्षक सेट (ख)

## कक्षा ५, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले उच्चारण गरेको वाक्य पहिचान गरी ठिक (✓) चिह्न लगाउनुहोस् :** (४)

**(क)**

| | |
|---|---|
| बिर्खलालको मनमा लोभ जाग्यो । | |
| बिर्खलालले असर्फी पाउने आशा गरे । | |
| बिर्खलाल पौडेर खोला किनार पुगे । | |
| बिर्खलाल निन्याउरो अनुहार लिएर घर फर्के । | |

**(ख)**

| | |
|---|---|
| चतुरे धाक लाउन पनि बडो सिपालु थियो | |
| चतुरे आफू नगएका ठाउँमा पनि गएको छु भन्थ्यो । | |
| चतुरे आफूले नजानेका कुरा पनि जान्दछु भन्थ्यो । | |
| चतुरे नभएको कुरा पनि भएको जस्तै पारेर भन्थ्यो । | |

**(ग)**

| | |
|---|---|
| उपासनाको घर नजिकै विद्यालय छ । | |
| उपासना नियमित विद्यालय जान्छिन् । | |
| उपासनाको विद्यालय छुट्टी भएको छ । | |
| उपासना आमाबुबालाई काममा सघाउँछिन् । | |

**(घ)**

| | |
|---|---|
| हामी खेलकुद प्रतियोगितामा सहभागी हुन्छौँ । | |
| हामी खेलकुदमा सक्रिय सहभागी हुन्छौँ । | |
| हामी खेलकुदमा राम्रो प्रदर्शन गर्दै छौँ । | |
| हामी खेलकुद प्रतियोगिताको उपाधि जित्ने छौँ । | |

*१.विद्यार्थीलाई प्रश्न १ मा ध्यान दिन लगाउनुहोस् ।*

*२.विद्यार्थीलाई यस कार्यका प्रश्नहरू वाक्य पहिचानसम्बन्धी रहेका र आफूले भनेका हरेक वाक्य पहिचान गरेर सही उत्तरमा ठिक चिनो लगाउनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३.शिक्षकले प्रश्न **'क'** मा रहेको **'बिर्खलाल पौडेर खोला किनार पुगे ।'** वाक्य वाचन गर्नुहोस् ।*

*४. प्रश्नमा दिइएको बाकसमा भएको सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् ।*

*५.पहिलो प्रश्न सकिएपछि अन्य प्रश्नमा पनि यही प्रक्रिया दोहोऱ्याउनुहोस् ।*

*६. हरेक प्रश्नमा रहेका वाक्यलाई केही सेकेन्डको अन्तरालमा दुईपटक पढिदिनुहोस् ।*

*७. प्रश्न 'ख', 'ग' र 'घ' मा निम्न वाक्य वाचन गरी सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् र सही वाक्य पहिचान गरी चिह्न लगाएमा प्रति वाक्य १ अङ्कका दरले ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(ख) चतुरे आफू नगएका ठाउँमा पनि गएको छु भन्थ्यो ।***

***(ग) उपासनाको घर नजिकै विद्यालय छ ।***

***(घ) हामी खेलकुद प्रतियोगिताको उपाधि जित्ने छौँ ।***

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् :** (२)

| | | | |
|---|---|---|---|
| **स्वस्थ** | **बाक्लो** | **स्थिर** | **कहिलेकाहीँ** |

| **शब्द** | **अर्थ** |
|---|---|
| (क) अटल | ....................................... |
| (ख) घना | ....................................... |
| (ग) तन्दुरुस्त | ....................................... |
| (घ) बेलाबखत | ....................................... |

*१. निर्दिष्ट शब्दको अर्थ तालिकामा दिइएको र उक्त तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउनुहोस् ।*

*२. दिइएका शब्द र अर्थ मिलाएर लेखे नलेखेको परीक्षण गर्नुहोस् र प्रत्येक शब्द र अर्थको सही जोडा मिलाएको अवस्थामा ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

*(क)* ***अटल : स्थिर***

*(ख)* ***घना : बाक्लो***

(ग) ***तन्दुरुस्त : स्वस्थ***

(ग) ***बेलाबखत : कहिलेकाहीँ***

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

जनकपुर चित्रकला, रेलवे र माछाका लागिसमेत प्रख्यात छ । मिथिला चित्रकला नारीद्वारा घरका भित्ता र पर्खालमा कोरिने चित्रकला हो । हामी यसको अवलोकन गर्दै सहरतिर घुमौँला । यहाँ रेलवे सेवा रहेको छ । हामी आमाबुबासँगै रेल हेर्न निस्कौँला । जनकपुरका माछा देशका विभिन्न स्थानमा पुऱ्याइन्छ ।

*१. विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ३४ देखि ४० शब्द हुबहु लेखेमा ४ अङ्क, २८ देखि ३३ शब्द हुबहु लेखेमा ३ अङ्क, २१ देखि २७ शब्द हुबहु लेखेमा २ र २० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।** (४)

*१. विद्यार्थीलाई प्रश्न ४ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. शिक्षकले वाक्य पढेर सुनाउनुहोस् ।*

*४. हरेक वाक्यलाई केही समयको अन्तरालमा २ पटक पढिदिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) हामी खेल्न पाउँदा निकै रमाउँछौँ ।***

***(ख) खेलकुदमा शारीरिक तन्दुरुस्तीको आवश्यकता पर्छ***

***(ग) खेलकुद विद्यालय शिक्षाको एउटा अङ्ग मानिन्छ ।***

***(घ) हामी राष्ट्रियस्तरका प्रतियोगिता पनि सहभागी हुन सक्छौँ ।***

*५. विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

कुरिलो मानिसका लागि उपयोगी वनस्पति हो । कुरिलो खेतीका लागि बलौटे माटो राम्रो मानिन्छ । खुकुलो माटामा यसका जरा सातआठ फिट गहिराइसम्म पुग्छन् । कुरिलाको गानाबाट टुसाको विकास हुन्छ । गर्मी समयमा टुसाको विकास छिटो हुन्छ भने जाडो समयमा ढिलो हुन्छ । कुरिलाका

टुसा खानका लागि उपयुक्त हुन्छन् । यसका टुसा टिपिएन भने बिस्तारै अग्ला हुन्छन् र हाँगाका रूपमा विकसित हुन्छन् । कुरिलाका भाले र पोथी बोट हुन्छन् ।

**प्रश्नहरू**

(क) कुरिलाको टुसा केबाट विकास हुन्छ ?

(ख) कुरिलो खेतीका लागि गर्मी समय किन राम्रो मानिन्छ ?

(ग) कुरिलो खेती गर्दा ध्यान दिनुपर्ने कुनै दुई कुरा के के हुन् ?

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रस्तुत प्रश्न पठनबोधको भएको र विद्यार्थीले अनुच्छेद आफैँ पढेर दिइएका प्रश्नको उत्तर दिनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् ।*

*४. अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् ।*

*५. शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*

*६. भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*

*७. विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***माथिका प्रश्नको उत्तर :***

***(क) कुरिलाको टुसा गानाबाट विकास हुन्छ ।***

***(ख)* गर्मी समयमा टुसाको विकास छिटो हुने भएकाले राम्रो मानिन्छ ।**

***(ग) खुकुलो बलौटे माटो, समय र टुसा टिप्ने कुरामा ध्यान दिनुपर्छ ।***

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. चित्रमा भएका सूचनालाई ध्यान दिई पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*

*३. निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**७. दिइएको शुभकामना सन्देश पढ्नुहोस् र तपाईंले नयाँ वर्षका अवसरमा आफ्नो साथीलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् । (३)**

हार्दिक शुभकामना !

नेपालीहरूको महान् पर्व बडा दसैं, दीपावली र छठ पर्वको शुभ अवसरमा देशविदेशका विभिन्न ठाउँमा रहनुभएका सबै नेपालीमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

महेन्द्र शर्मा<br>अध्यक्ष<br>प्रगतिनगर टोल सुधार समिति<br>सानोठिमी, भक्तपुर

*१. विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. दिइएको शुभकामना पत्रको नमुना ध्यानपूर्वक पढी प्रश्नले निर्देश गरेबमोजिमको शुभकामना रचना गर्न लगाउनुहोस् ।*

*३.नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**८. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् : (५)**

गौतम बुद्धले आफ्ना चेलालाई उपदेश दिँदै गरेका...। यो कुरा एक जना मानिसलाई मन नपरेको ...। त्यस मानिसले बुद्धलाई धेरै गाली गरेको ...। जति गाली गर्दा पनि बुद्ध शान्त बसेका...। गाली गर्दा गर्दा त्यो मानिस थाकेको ...। बुद्धले त्यो मानिसलाई छेउमा बोलाएका...। तिमीले दिएको सामान कसैले लिएन भने कहाँ रहन्छ ? भनेर बुद्धले सोधेका...। कसैले लिएनभने सामान मसँगै रहन्छ भनेर त्यस मानिसले उत्तर दिएको ...। त्यसो भए तिमीले दिएको गाली मैले लिएको छैन

भनेर बुद्धले भनेका...। त्यस मान्छेलाई विनाकारण बुद्धलाई गाली गरेकामा पछुतो भएको ...। बुद्धले त्यस मानिसलाई माफी दिएका...। त्यस मानिसले कसैलाई कहिल्यै गाली नगरेको ।

*१. विद्यार्थीलाई प्रश्न ८ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदालाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेख्न लगाउनुहोस् ।*

*४. दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ५ अङ्क दिनुहोस् ।*

समाप्त

# शिक्षक सेट (ख)

## कक्षा ६, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले भनेको वाक्य सुनेर ठिक (✓) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| तिमी बजार घुम्न गयौ । | |
| म बजार घुम्न गएँ । | |
| उनी बजार घुम्न गए । | |
| ऊ बजार घुम्न गयो । | |

(ख)

| | |
|---|---|
| उसले पसलमा चामल किन्ने छ । | |
| ऊ पसलमा चामल किन्छ । | |
| ऊ पसलमा चामल किन्दै छ । | |
| उसले पसलमा चामल किनेछ । | |

(ग)

| | |
|---|---|
| किरणको भाइ सहरबाट आयो । | |
| किरणको भाइ घरबाट आयो । | |
| किरणको भाइ पसलबाट आयो । | |
| किरणको भाइ विद्यालयबाट आयो । | |

(घ)

| | |
|---|---|
| छवि मिठो खाना पकाउँदै हुने छ । | |
| रवि मिठो खाना पकाउँदै हुने छ । | |
| रवि मिठो खाना पकाउँदै छ । | |
| छवि मिठो खाना पकाउँदै छ । | |

- *विद्यार्थीलाई प्रश्न १ मा ध्यान दिन लगाउनुहोस् ।*
- *विद्यार्थीलाई यस कार्यका प्रश्न वाक्य पहिचानसम्बन्धी रहेका र आफूले भनेका हरेक वाक्य पहिचान गरेर सही उत्तरमा ठिक चिनो लगाउनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् । शिक्षकले प्रश्न* ***'क'*** *मा रहेको* ***'म बजार घुम्न गएँ ।'*** *वाक्य वाचन गर्नुहोस् ।*
- *प्रश्नमा दिइएको बाकसमा भएको सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् ।*
- *पहिलो प्रश्न सकिएपछि अन्य प्रश्नमा पनि यही प्रक्रिया दोहोऱ्याउनुहोस् ।*
- *हरेक प्रश्नमा रहेका वाक्यलाई केही सेकेन्डको अन्तरालमा दुई पटक पढिदिनुहोस् ।*

- *प्रश्न 'ख', 'ग' र 'घ' मा निम्न वाक्य वाचन गरी सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् र सही वाक्य पहिचान गरी चिह्न लगाएमा प्रति वाक्य १ अङ्कका दरले ४ अङ्क दिनुहोस् ।*

  ***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(ख) ऊ पसलमा चामल किन्दै छ ।***

***(ग) किरणको भाइ विद्यालयबाट आयो ।***

***(घ) रवि मिठो खाना पकाउँदै हुने छ ।***

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् :** (२)

| | | | |
|---|---|---|---|
| पुस्तक | भण्डार | इच्छा | चुपचाप |

| **शब्द** | **अर्थ** |
|---|---|
| ढुकुटी | ...................... |
| मौन | ...................... |
| ग्रन्थ | ...................... |
| इरादा | ...................... |

- *निर्दिष्ट शब्दको अर्थ तालिकामा दिइएको र उक्त तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउनुहोस् ।*
- *दिइएका शब्द र अर्थ मिलाएर लेखे नलेखेको परीक्षण गर्नुहोस् र प्रत्येक शब्द र अर्थको सही जोडा मिलाएको अवस्थामा ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

  ***सही उत्तर :***

  ***(क) ढुकुटी : भण्डार***

  ***(ख) मौन : चुपचाप***

  ***(ग) ग्रन्थ : पुस्तक***

  ***(घ) इरादा : इच्छा***

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् : (४)**

गुरुङ दाजुले मत्स्यपोखरी राम्ररी चिनाउनुभएको थियो । त्यो त माछैमाछैले भरिएको एउटा सुन्दर पोखरी रहेछ । त्यसैले त्यो पोखरीलाई मत्स्यपोखरी भनिएको रे ! पहाडैपहाडका बिच त्यति अग्लो ठाउँमा पनि कस्तो राम्रो पोखरी ! सफा र निर्मल पानीलाई हेर्दा आफ्नै छाया टलक्क टल्किन्थ्यो । मानिसले चारो दिन्छन् कि भने झैँ ती माछाका भुरा नजिकै आए ।

*१. विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ४३ देखि ५० शब्द हुबहु लेखेमा ४ अङ्क, ३४ देखि ४२ शब्द हुबहु लेखेमा ३ अङ्क, २६ देखि ३३ शब्द हुबहु लेखेमा २ र २५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् : (४)**

- *विद्यार्थीलाई प्रश्न ४ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*
- *शिक्षकले निर्दिष्ट वाक्य पढेर सुनाइदिनुहोस् ।*
- *हरेक वाक्यलाई केही समयको अन्तरालमा दुई पटक पढिदिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) हामी स्वास्थ्यसम्बन्धी समाचार सुन्छौँ ।***
***(ख) गुरु, गुरुआमा तथा अभिभावकले समेत सधैँ हामीलाई सम्झाउनुहुन्छ ।***
***(ग) हामीलाई सबैले हरिया सागपात खाने सल्लाह दिन्छन् ।***
***(घ) डाक्टरले सरसफाइ र उपयुक्त आहारका लागि सल्लाह दिन्छन् ।***

*विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

मानिस जस्तै देखिने मानिसले नै बनाएको यन्त्र रोबोट हो । यसलाई यन्त्रमानव पनि भनिन्छ । यसमा मानिसका जस्तै हातखुट्टा हुन्छन् । यसले मानिसको जस्तै काम गर्न सक्छ । यसले आफैँ काम गर्दैन । यसलाई मानिसले नै काम लगाउनुपर्छ । मानिसद्वारा कम्प्युटरका माध्यमबाट यसलाई काम लगाइन्छ । रोबोटले घरायसी कामदेखि अन्य क्षेत्रका पनि काम गर्छ । कृषि क्षेत्रमा यसलाई काम लगाउन सकिन्छ । उद्योग, कारखानामा अझ बढी उपयोगी हुन्छ । यसले सामानलाई मिलाएर राख्न सक्छ ।

**प्रश्नहरू**

(क) यन्त्रमानव भनेको के हो ?

(ख) यन्त्रमानवलाई कुन कुन क्षेत्रको काममा लगाइन्छ ?

(ग) मानव र यन्त्रमानवबिच रहेका समानता के के हुन् ?

- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *प्रस्तुत प्रश्न पठनबोधको भएको र विद्यार्थीले अनुच्छेद आफैँ पढेर दिइएका प्रश्नको उत्तर दिनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् ।*
- *अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*
- *भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***माथिका प्रश्नको उत्तर :***

***(क) मानिस जस्तै देखिने मानिसले नै बनाएको यन्त्रलाई यन्त्रमानव भनिन्छ ।***

***(ख) यन्त्रमानवलाई घरायसी, कृषि, उद्योग, कारखानालगायत क्षेत्रको काममा लगाइन्छ ।***
***(ग) मानिसमा जस्तै हातखुट्टा हुनु र मानिसले जस्तै काम गर्न सक्नु समानता हुन् ।***

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*

*निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्य गठन र वर्णविन्यासमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**७. दिइएको शुभकामना पत्र पढ्नुहोस् र साथीको जन्मदिनका अवसरमा दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् : (३)**

**शुभकामना**

नयाँ वर्ष २०८१ को सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी तथा
अभिभावकहरूमा सुख, शान्ति, समृद्धिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

प्रधानाध्यापक
मङ्गलागढी आधारभूत विद्यालय
वीरेन्द्रनगर १०, सुर्खेत ।

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *दिइएको **शुभकामना** पत्रको नमुना ध्यानपूर्वक पढी प्रश्नले निर्देश गरेबमोजिमको शुभकामना पत्र रचना गर्न लगाउनुहोस् ।*
- *नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**८. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् : (५)**

एउटा गाउँमा व्यापारी बस्नु...। उसले घरमा कुकुर र गधा पाल्नु ...। गधा भारी बोकेर बजार जानु...। कुकुरले घरको रेखदेख गर्नु ...। व्यापारी लोभी हुनु...। ऊ आफू मात्र मिठो मिठो खान खोज्नु...। कुकुर र गधालाई पेटभरि खान नदिनु...। त्यसैले कुकुर र गधा व्यापारीसँग रिसाउनु...। एक दिन खाना खाएर व्यापारी चाँडै सुत्नु...। त्यस दिन घरमा चोर पस्नु...। चोर देखेर पनि कुकुर नभुक्नु...। गधा कराएर व्यापारी ब्युँझनु...। व्यापारी निद्रा बिगारिदिएको भनेर गधासँग रिसाउनु...। कुकुरले गर्ने काम गधाले गर्दा दुःख पाउनु...। व्यापारी फेरि ओछ्यानमा पल्टिनु...। राती नै चोरले उसका घरका सामान चोर्नु...। व्यापारीले कुकुर र गधामाथि गरेको व्यवहार सम्झेर पछुतो मान्नु ।

- *विद्यार्थीलाई प्रश्न ८ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदालाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेख्न लगाउनुहोस् ।*
- *दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ५ अङ्क दिनुहोस् ।*

**समाप्त**

# शिक्षक सेट (ख)

## कक्षा ७, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. दिइएका अर्थसँग मिल्ने शब्द तालिकाबाट पहिचान गरी खाली ठाउँमा लेख्नुहोस् :** (२)

| | | | |
|---|---|---|---|
| शताब्दी | विवेकशील | अपरेटर | परीक्षण |

(क) मेसिन, यन्त्र आदि चलाउने व्यक्ति ............................

(ख) जाँच गर्ने काम ............................

(ग) विवेक भएको ............................

(घ) सय वर्षको समय वा अवधि ............................

***दिइएका अर्थ जनाउने पदावलीको उपयुक्त अर्थ कोष्ठकबाट पहिचान गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।***

***सही उत्तर :***

*(क) मेसिन, यन्त्र आदि चलाउने व्यक्ति अपरेटर*
*(ख) जाँच गर्ने काम परीक्षण*
*(ग) विवेक भएको विवेकशील*
*(घ) सय वर्षको समय वा अवधि शताब्दी*

**२. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

मलाई राम्रा चित्र हेर्न र बनाउन बस्दा अत्यन्त रमाइलो लाग्छ । मन र आँखाले देखेका सुन्दर कुराको चित्र बनाएरै जीवन बिताउँ जस्तो लाग्छ । रोगीहरूको उपचार गरी उनीहरूलाई निको बनाएको देख्दा डाक्टर वा नर्स बन्न मन लाग्छ । देश विकासको कुरा गर्दा मलाई इन्जिनियर, व्यापारी, उद्योगपति तथा कृषक बन्न सके हुन्थ्यो जस्तो लाग्छ । स्वदेशका उत्पादनलाई विदेशमा बेचेर देशलाई धनी बनाउने इच्छा जाग्छ ।

*१. विद्यार्थीलाई प्रश्न २ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ५१ देखि ६० शब्द हुबहु लेखेमा ४ अङ्क, ४१ देखि ५० शब्द हुबहु लेखेमा ३ अङ्क, ३१ देखि ४० शब्द हुबहु लेखेमा २ र ३० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**३. शिक्षकले भनेका वाक्य सुनेर लेख्नुहोस्  : (४)**

- *विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *श्रुतिलेखन गराउँदा २ पटकसम्म पढिदिनुहोस् र सुनेर लेख्न लगाउनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) भ्रमणलाई यात्रा पनि भनिन्छ ।***

***(ख) कुनै ठाउँको प्रत्यक्ष अवलोकन गर्नुलाई भ्रमण भनिन्छ ।***

***(ग) भ्रमणले मानवलाई ज्ञान र चेतनाका साथै मनोरञ्जन प्रदान गर्छ ।***

***(घ) उमेर, अवस्था, कामको प्रकृति अनि समूहअनुसार भ्रमण फरक फरक हुन्छ ।***

*विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**४. दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा विकास गरेको बानी जीवनभरि रहने गर्छ। यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ। आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ। यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ। जीवनमा परिश्रमी बन्नुपर्छ। परिश्रम गर्ने बानी यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ। समयमा सुत्नेउठ्ने तथा उचित आहारविहार गर्ने बानी विकास गर्नुपर्छ। पढाइमा मिहिनेत गर्ने, अरूप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ।

**प्रश्नहरू**

(क) विद्यार्थी जीवन कस्तो बानीको विकास गर्ने समय हो ?

(ख) विद्यार्थी जीवनमा खानपान र उठबसमा विशेष ख्याल किन गर्नुपर्छ ?

(ग) विद्यार्थी जीवनलाई सदुपयोग गर्ने दुईओटा उपाय के के हुन् ?

- *विद्यार्थीलाई प्रश्न न.४ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुवै नपढिदिनुहोस् ।*
- *भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***माथिका प्रश्नको उत्तर :***


*(क) विद्यार्थी जीवन असल बानीको विकास गर्ने समय हो ।*

*(ख) विद्यार्थी जीवनमा विकास हुने बानी जीवनभरि रहने भएकाले खानपान र उठबसमा विशेष*

*ध्यान दिनुपर्छ ।*

*(ग) दुईओटा उपाय लेखेमा अङ्क दिनुहोस् ।*

**५. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई ५ वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*

*निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**६. दिइएको बधाई पत्रको अध्ययन गरी विद्यालयमा आयोजना गरिएको निबन्ध लेखन प्रतियोगितामा प्रथम हुन सफल तपाईंको साथीलाई दिइने बधाई पत्रको नमुना तयार गर्नुहोस्:(३)**

***हार्दिक बधाई***

यस विद्यालयको ७ कक्षामा अध्ययनरत छात्रा तपाइँ आस्था शर्माले जिल्लास्तरीय लोकनृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनुभएकामा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ ।

प्रधानाध्यापक
तथा
जनता माध्यमिक विद्यालय परिवार
दार्चुला

*१. दिइएको बधाई पत्रको अध्ययन गर्न लगाउनुहोस् ।*

*२. प्रश्नले निर्देश गरेबमोजिम दिइएको बधाई पत्रका आधारमा विद्यालयमा आयोजना गरिएको निबन्ध लेखन प्रतियोगितामा प्रथम हुन सफल तपाइँको साथीलाई दिइने बधाई पत्रको नमुना तयार गर्न लगाउनुहोस् ।*

*३.नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**७. दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् :** (४)

ढुङ्गा र माटो मान्छे जस्तै बोल्नु ...। ढुङ्गा र माटाको राम्रो मेल हुनु...। उनीहरूको मित्रता देखेर अरूलाई इर्ष्या लाग्नु...। उनीहरूले एकअर्कालाई सहयोग गर्नु...। एकअर्काको सहारा बन्नु...। एक रात ठुलो पानी पर्नु...। ढुङ्गाले माटालाई थिच्नु...। माटाले पनि ढुङ्गालाई समात्नु...। केही समयपछि ढुङ्गालाई माटाभन्दा ठुलो हुँ भन्ने घमण्ड जाग्नु...। माटालाई पनि ढुङ्गाभन्दा ठुलो हुँ भन्ने घमण्ड जाग्नु...। उनीहरू झगडा गरी एकअर्कालाई सहयोग नगर्नु...। उनीहरूबिच बोलचाल बन्द हुनु...। अर्को दिन घनघोर पानी पर्नु...। पानीले माटो बगाउनु...। ढुङ्गो पनि पल्टिएर टुक्रा टुक्रा हुनु ...। एकता र सहयोगको अभावमा दुवैको सर्वनाश हुनु ।

*१. विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदालाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेख्न लगाउनुहोस् ।*

*४. दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ४ अङ्क दिनुहोस् ।*

**८. 'परिश्रमको महत्त्व' शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । ५**

- *विद्यार्थीलाई प्रश्नमा दिइएको शीर्षक अध्ययन गर्न लगाउनुहोस् र विषयवस्तुमा आधारित रहेर निबन्ध लेख्नुपर्ने कुरा बताउनुहोस् ।*
- *निबन्ध कस्तीमा १०० शब्दको हुनुपर्ने सम्बन्धमा जानकारी दिनुहोस् ।*
- *निबन्ध विषयवस्तुमा केन्द्रित हुनुपर्ने कुरा बुझाउनुहोस् ।*

- *निबन्ध सफा र शुद्धसँग लेख्न लगाउनुहोस् ।*

*निबन्धको संरचना, भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गरी ५ अङ्क दिनुहोस् ।*

समाप्त

## शिक्षक सेट (ख)

### कक्षा ८, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. दिइएका अर्थसँग मिल्ने शब्द तालिकाबाट पहिचान गरी खाली ठाउँमा लेख्नुहोस् : (२)**

| दैनिकी, पीडा, प्रशस्त, सम्पत्ति |
|---|

(क) पुँजी ........................................

(ख) पर्याप्त ........................................

(ग) दर्द ........................................

(घ) दिनचर्या ........................................

***दिइएका अर्थ जनाउने पदावलीको उपयुक्त अर्थ कोष्ठकबाट पहिचान गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।***

***सही उत्तर :***

| | |
|---|---|
| (क) पुँजी | सम्पत्ति |
| (ख) पर्याप्त | प्रशस्त |
| (ग) दर्द | पीडा |
| (घ) दिनचर्या | दैनिकी |

**२. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् : (४)**

प्रकृति सृष्टिको मूल आधार हो । पृथ्वी, जल, तेज, वायु र आकाश यी पञ्चतत्त्वबाट नै प्रकृतिको उत्पत्ति भएको छ । प्रकृतिबिना प्राणीको अस्तित्व नै छैन । वर्षभरि दुई दुई महिनाका दरले फेरिने प्रकृतिको वातावरणिक स्थितिलाई ऋतु भनिन्छ । वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर गरी ऋतु छओटा छन् । ऋतुले प्रकृतिमा परिवर्तन ल्याई जीवन र जगत्मा सन्तुलन राख्न सहयोग पुऱ्याउँछ । हरेक ऋतुका आफ्ना आफ्ना विशेषता छन् । तिनले जीव र वनस्पतिको अस्तित्वलाई जोगाउन मदत गर्छन् ।

*१. विद्यार्थीलाई प्रश्न २ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ५९ देखि ७० शब्द हुबहु लेखेमा ४ अङ्क, ४७ देखि ५८ शब्द हुबहु लेखेमा ३ अङ्क, ३६ देखि ४६ शब्द हुबहु लेखेमा २ र ३५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**३. शिक्षकले भनेका वाक्य सुनेर लेख्नुहोस् : (४)**

- *विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *दिइएका वाक्य २ पटकसम्म पढिदिनुहोस् र सुनेर लेख्न लगाउनुहोस् ।*
  ***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) मानिस प्राणीमध्ये सिर्जनशील प्राणी हो ।***
***(ख) बालबालिका नयाँ नयाँ कुरामा रुचि राख्ने स्वभावका हुन्छन् ।***
***(ग) कोही बालबालिका चित्र कोर्न मन पराउँछन् भने कोही गायनमा रुचि राख्छन् ।***
***(घ) बालबालिकामा कुनै पनि विषयमा बुझ्ने र जान्ने चाहना हुन्छ ।***
*विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**४. दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

हामी प्रसिद्ध पर्यटकीय स्थल पोखराको भ्रमणमा निस्क्यौँ । सबैभन्दा पहिले हामीले विन्ध्यवासिनी मन्दिरमा पुगेर देवीको पूजाआराधना गर्‍यौँ । त्यहाँ एकछिन बसेर पोखराको सुन्दरतालाई मानसपटलमा सजाएपछि हामीले के. आई. सिंह पुलमा आएर सेती नदीको प्रवाहलाई नजिकबाट नियाल्यौँ । दुध जस्तै सेतो पानी सलल्ल बगेको देख्दा लाग्थ्यो, प्रकृति माता सेती साक्षात देवीका रूपमा अवतरित छन् । आफ्नो निरन्तर प्रवाहशील दुग्धधाराबाट आफ्ना सन्ततिको पालनपोषणमा व्यस्त छिन् । त्यसपछि हामी पोखराका प्रसिद्ध गुफामध्ये गुप्तेश्वर गुफा गयौँ अनि नजिकैको पाताले छाँगामा पुग्यौँ । जमिनभित्र झरेको फेवातालको अजस्र जलप्रवाहलाई डेभिड फल्स पनि भनिँदो रहेछ ।

**प्रश्नहरू**

(क) भ्रमण टोलीले सेती नदीलाई कहाँबाट नियाले ?

(ख) सेती नदीले केबाट सन्ततिको पालनपोषणमा गरेकी छन् ?

(ग) पोखरामा रहेका कुनै दुईओटा प्राकृतिक विशेषता लेख्नुहोस् ।

- *विद्यार्थीलाई प्रश्न ४ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*

- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*
  ***माथिका प्रश्नको उत्तर :***

***(क) भ्रमण टोलीले सेती नदीलाई के. आई. सिंह पुलबाट नियाले ।***

***(ख) सेती नदीले निरन्तर प्रवाहशील दुग्धधाराबाट सन्ततिको पालनपोषण गरेकी छन् ।***

***(ग) पोखराका कुनै दुईओटा विशेषता लेखेमा अङ्क दिने ।***

**५. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई ५ वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*
- *निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्यासमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**६. दिइएको निमन्त्रणा पत्र अध्ययन गरी दिदीको विवाहका लागि दिइने निमन्त्रणा पत्रको नमुना तयार गर्नुहोस् :     (३)**

**हार्दिक निमन्त्रणा**

**श्रीमान्/श्रीमती/सुश्री .......................................................ज्यूका समीपमा**

हाम्रा आयुष्मान् नातिहरू श्री आराध्य पौडेल र श्री विपिन पौडेल (श्रीमान् विदुर पौडेल तथा श्रीमती विनिता पौडेलका सुपुत्र) को शुभ व्रतबन्ध कार्यक्रमको पावन अवसरमा वटुकहरूलाई शुभ आशीर्वाद प्रदान गर्न यहाँको गरिमामय उपस्थितिका लागि सविनय आमन्त्रण गर्दछौँ ।

| **कार्यक्रम** | **दर्शनाभिलाषी** | **प्रार्थी** |
|---|---|---|
| **मिति : २०८१ साल माघ १४ गते** | **श्रीमान् विदुर पौडेल** | **श्रीमान् शिवप्रसाद पौडेल** |
| **भिक्षादान : बिहान १०:३० बजे** | **श्रीमती विनिता पौडेल** | **श्रीमती लक्ष्मीदेवी पौडेल** |
| **स्थान : निजी निवास** | **श्री प्रकाश पौडेल** | |
| **सन्धिखर्क २, अर्घाखाँची** | **सुश्री आराधना पौडेल** | |
| **सम्पर्क न. : .........................** | | |

- *दिइएको निमन्त्रणा पत्र अध्ययन गर्न लगाउनुहोस् ।*
- *प्रश्नले निर्देश गरेबमोजिम दिइएको निमन्त्रणा पत्रका आधारमा दिदीको विवाहका लागि दिइने निमन्त्रणा पत्रको नमुना तयार गर्न लगाउनुहोस् ।*
- *नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**७. दिइएका बुँदाका आधारमा कथा पूरा गर्नुहोस् :     (४)**

कुनै एक गाउँमा चार जना मिल्ने साथी हुनु...। तीन जना तान्त्रिक र शास्त्रका ज्ञाता हुनु...। चौथो अनपढ तर बुद्धिमान् हुनु...। चारै जना घुम्न निस्किनु...। जङ्गलमा रात पर्नु...। उनीहरू ठुलो रुखमुनि बास बस्नु...। ती तान्त्रिकले त्यहाँ बाघका हाड भेट्टाउनु...। तीनै जनाले बाघका सबै हाड जोड्नु...। दोस्राले आफ्नो शक्तिले हाडको वरिपरि मासु र छालाले मोड्नु...। तेस्राले त्यसमा प्राण भर्न आँट्नु...। चौथाले प्राण भरेपछि यो साँच्चिकै बाघ हुन्छ र हामीलाई खान्छ, यस्तो काम नगर भनेर सम्झाउनु...। तीनै जनाले चौथालाई डरपोक भन्दै खिसी गर्नु...। चौथो साथी हातमा ससाना ढुङ्गा र गुलेली लिएर रुख चढ्नु...। तेस्राले बाघमा प्राण भर्नु...। प्राण भरेपछि बाघले ठुलो गर्जन गर्नु...। आफ्नो विधामा सफल भएकामा तीन जना खुसी हुनु...। बाघले तीनै जनालाई आक्रमण गर्नु...। रुख चढेकाले चौथाले बाघलाई गुलेलीले हान्नु...। बाघ आत्तिएर भाग्नु...। सबैको ज्यान बच्नु...। सबैले चौथो साथीलाई धन्यवाद दिनु ।

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदाहरूलाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेख्न लगाउनुहोस् ।*

- *दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ४ अङ्क दिनुहोस् ।*

**८. 'खेलकुदको महत्त्व' शीर्षकमा १२० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् ।** (५)

- *विद्यार्थीलाई प्रश्नमा दिइएको शीर्षक अध्ययन गर्न लगाउनुहोस् र विषयवस्तुमा आधारित रहेर निबन्ध लेख्नुपर्ने कुरा बताउनुहोस् ।*
- *निबन्ध कम्तीमा १२० शब्दको हुनुपर्ने सम्बन्धमा जानकारी दिनुहोस् ।*
- *निबन्ध विषयवस्तुमा केन्द्रित हुनुपर्ने कुरा बुझाउनुहोस् ।*
- *निबन्ध सफा र शुद्धसँग लेख्न लगाउनुहोस् ।*
- *निबन्धको संरचना, भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गरी ५ अङ्क दिनुहोस् ।*

समाप्त